annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २१८, पृष्ठ ८ | काठमाडौं, मंगलबार १ पुस २०८२ | पौष कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४६ | TUESDAY, DECEMBER 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# मधेसमा खस्कँदो सामुदायिक शिक्षा

## तीनै तहको सरकारद्वारा सधैं बेवास्ता



राजकरण महतो

**नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई शिक्षाको हक सुनिश्चित गरे पनि व्यवहारमा मधेस प्रदेशको शिक्षाको अवस्था अझै चुनौतीपूर्ण देखिन्छ। विद्यालयको भौतिक पूर्वाधार कमजोर हुनु, योग्य शिक्षकको अभाव, शिक्षामा लगानीको कमी, गरिबी तथा सामाजिक-सांस्कृतिक कारणले बालबालिकाको विद्यालय पहुँच सीमित हुनुजस्ता समस्या छन्। मधेस प्रदेशमा साक्षरता दर नेपालका अन्य प्रदेशहरूको तुलनामा सबैभन्दा कम छ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार नेपालको कुल साक्षरता दर ७६.३ प्रतिशत रहेकोमा मधेसको साक्षरता दर ६३.५ प्रतिशत मात्रै छ। मधेसका ग्रामीण भेगमा साक्षरता दर झनै कम ६२.९ प्रतिशत मात्रै छ।**

समाचार पृष्ठ २

**मनिका झा** | *जनकपुरधाम*
– को रिपोर्ट

## माधव नेपालविरुद्ध भ्रष्टाचार मुद्दामा साक्षीलाई वकपत्रका लागि इजलासमा पेस गर्न आदेश



**काठमाडौं** (अन्नपूर्ण) : पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालविरुद्ध भ्रष्टाचार मुद्दामा साक्षी बुझ्ने आदेश भएको छ। विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल र डिल्लीरत्न श्रेष्ठको इजलासले मुद्दामाथि सुनुवाइ गर्दै नेपाललगायतका प्रतिवादीहरूको साक्षी झिकाइ भौतिक रूपमा वा श्रव्यदृश्य माध्यम भिडियो (कन्फ्रेन्स) मार्फत उपस्थित गराई वकपत्रको निमित्त इजलासमक्ष पेस गर्न आदेश दिएको हो।

यस्तै, मुद्दाको विषय सम्बद्ध उजुरीका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्णयसहितको फाइल झिकाउन पनि आदेश भएको छ।

पतञ्जली जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालसहित ९३ लाई प्रतिवादी बनाएर भ्रष्टाचार मुद्दा दायर गरेको छ। २०६६ माघ १८ मा नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले पतञ्जलीलाई आयुर्वेदिक विश्वविद्यालयको नाममा सञ्चालन गर्न काभ्रेमा हदबन्दी छुटमा ८ सय १५ रोपनी जग्गा किन्न स्वीकृति दिएको थियो।

त्यसलगत्तै पतञ्जलीले बनेपा नगरपालिकाअन्तर्गत पर्ने साविकको साँगा, नासिकास्थान र महेन्द्र ज्योति गाविस (चलाल गणेशस्थान) मा ५ सय ९३ रोपनीभन्दा बढी जग्गा खरिद गरेकामा पछि मन्त्रिपरिषद्बाटै निर्णय गराएर भूमिसम्बन्धी कानुनविपरीत हदबन्दी छुटको ३ सय ५३ रोपनी १५ आना जग्गा काष्ठमण्डप बिजनेस होम्स प्रालिलाई बिक्री गरेको थियो।

भारतीय योगगुरु रामदेवद्वारा सञ्चालित पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले उद्योग सञ्चालन गर्न भनेर हदबन्दी छुटमा किनेको जग्गा अपचलन भएको सरकारी छानबिन समितिको प्रतिवेदनले पनि ठहर गरेको थियो।

# आतंकवादी आक्रमणमा बाबु छोरा संलग्न

## घटनाका सम्भावित सबै नेटवर्क पत्ता लगाउने प्रयास

**जे पाण्डे** | *सिड्नी (अस्ट्रेलिया)*



बोन्डाइ समुद्र र समुद्रीतट पहिले झैं सुन्दर नै थियो। गर्मी सुरु भएकाले तापक्रम झन् बढेको छ। यस्तो बेला सिड्नीको बोन्डाइ तटमा धेरै चहलपहल हुन्थ्यो। यो मौसममा हजारौं पर्यटक तथा स्थानीय यहाँ पौडिन आउँथे। बालुवामा लडिबुडी खेल्न तटमा आउनेको घुइँचो उस्तै हुन्थ्यो। तर, सोमबार यहाँ मानिसमा न कुनै उत्साह देखिन्थ्यो न उल्लेखीय उपस्थिति नै।

सबैभन्दा धेरै ४४५ मिलियन मानिसले मन पराएको समुद्री किनार हो बोन्डाइ। तर, सोमबार दिनभरिनै सुनसान प्राय: देखियो। भ्रमणमा जान चाहनेहरू धेरैले योजना रद्द गरे। डराई-डराई पुग्नेहरूले निरधक्क पौडिन सकेनन्। तटीय क्षेत्रमा खुलेर मनोरञ्जन गर्न धेरैले चाहेनन्। यसको कारण थियो, आइतबार साँझ भएको आतंकवादी आक्रमण। उक्त घटनामा १० वर्षीया एक बालिकासहित १६ जना मानिसको हत्या भएको थियो।

मृतकका आफन्त तथा शुभचिन्तकहरू हातमा फूलका गुच्छा लिएर श्रद्धान्जलि व्यक्त गर्दै थिए। हृदयबिदारक घटनाका कारण सबैको अनुहार मलिन देखिन्थ्यो। समुद्री तटको प्राकृतिक सौन्दर्य पहिले जस्तै देखिए पनि नुनीलो समुद्री तट निकै खल्लो लागेको थियो। सुन्दर रंगहरू पस्किने छालहरूले शान्ति र सान्त्वना दिँदै थिए। फराकिलो समुद्री तटमा अतिवादीहरूद्वारा गरिएको आक्रमणमा मृतक र घाइतेको रगत अझै सुकिसकेको थिएन। त्यसमाथि पनि धेरै घाइते अझै पनि जीवन-मृत्युको संघर्षमा जुधिरहेका छन्। यसले गर्दा धेरैको खुसी खोसिन पुगेको छ। स्थानीय समुदायमा डर, शोक र असुरक्षा देखिएको छ।

यहुदी पर्व चानुक्का खास गरी समुद्री किनारमा वा विशेष समुद्री स्थलमा मनाउने कार्यक्रम हो। मेनोराह बाल्ने, गीत, खेल, नाचगान, विशेष खाना सँगै समुद्रसँग सम्बन्धित मनोरञ्जनात्मक गतिविधिहरू गरिन्छ। यही क्रममा रमाइरहेका यहुदी समूहमाथि आक्रमण गरिएको थियो। जसका कारण बोन्डाइको जनजीवन स्तब्ध हुन पुगेको छ।

यस्तो बेला सुरक्षा अधिकारीसँगै प्रधानमन्त्री र न्यूसाउथ बेल्सका स्वास्थ्यकर्मी घाइतेलाई कसरी बचाउन सकिन्छ भन्ने प्रयास गरिरहेका छन्। स्वास्थ्यमन्त्री रायन पार्कले घाइतेको उपचारका लागि सिड्नीभरिका अस्पतालमा अतिरिक्त स्वास्थ्यकर्मी पठाइएको बताएका छन्।

सेन्ट भिन्सेन्ट, सिड्नी चिल्ड्रेन र सेन्ट जर्ज अस्पतालमा घाइतेहरूको उपचार भइरहेको छ। कतिपय घाइते रोयल नर्थ शोर र वेस्टमिडलगायत अस्पतालमा छन्।

» बाँकी पृष्ठ ६

## उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गर्ने सरकारको निर्णय



काठमाडौं (अन्नपूर्ण) : सरकारले विभिन्न राजनीतिक दल र सरोकारवालासँग वार्ता गर्न उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गर्ने निर्णय गरेको छ।

सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले कानुनमन्त्री अनिल सिन्हाको संयोजकत्वमा उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गर्ने निर्णय गरेको हो। समितिको सदस्यमा सञ्चारमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनाल छन्।

सञ्चारमन्त्री खरेलले निर्वाचनको वातावरण बनाउन र राजनीतिक दल र सरोकारवालाहरूसँग औपचारिक रूपमा संवाद गर्न समिति बनाइएको जानकारी दिए।

# मागेको उम्मेदवारी नपाएपछि ओली निकट नै बिच्किए

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमालेको ११औं महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल मैदान आएका छन्। ओली र पोखरेल आगामी अध्यक्षको लागि उम्मेदवार दर्ता गरेका छन्। ओली र पोखरेल दुवै प्यानल बनाएर नै प्रतिस्पर्धामा उत्रिएका छन्। ओली प्लानलबाट महासचिवमा शंकर पोखरेल र पोखरेल समूहबाट सुरेन्द्र पाण्डेको उम्मेदवारी परेको छ। यस्तै उपाध्यक्षमा संस्थापनबाट विष्णुप्रसाद पौडेल, रामबहादुर थापा, पृथ्वीसुब्बा गुरुङ र गुरु बरालको उम्मेदवारी परेको छ। प्रदीप ज्ञवालीले भने उपाध्यक्षमा दिइएको उम्मेदवारी अस्वीकार गरेका छन्। पोखरेल पक्षबाट उपाध्यक्षमा गोकर्ण विष्ट, विन्दा पाण्डे, अरुण नेपाल, परशुराम मेघी गुरुङको उम्मेदवारी परेको छ। स्वतन्त्र रूपमा उम्मेदवारी दिएका रघुजी पन्तलाई समेट्ने प्रयास पोखरेल पक्षबाट भइरहेको छ। टंक कार्कीसहित ११ जनाको उपाध्यक्षमा उम्मेदवारी परेको छ।

संस्थापनबाट उपमहासचिवमा विष्णु रिमाल, लेखराज भट्ट र रघुवीर महासेठको उम्मेदवारी परेको छ। पोखरेल पक्षबाट उपमहासचिवमा योगेश भट्टराई, आनन्द पोखरेल र बैजनाथ चौधरीको उम्मेदवारी परेको छ। संस्थापनबाट सचिवमा शेरधन राई, हिक्कम कार्की, भानुभक्त ढकाल, डा. राजन भट्टराई, महेश बस्नेत, खगराज अधिकारी, पदमाकुमारी अर्याल, यमलाल कँडेल, छविलाल विश्वकर्माले उम्मेदवारी दर्ता गराएका छन्।

पोखरेल समूहबाट सचिवमा गोकुल बास्कोटा, कर्ण थापा, ठाकुर गैरे, रचना खड्का, विनोद ढकाल, पुरुषोत्तम पौडेल, कृष्णगोपाल श्रेष्ठ र इन्द्रलाल सापकोटाले उम्मेदवारी दिएका छन्। सचिवमा २० जनाको उम्मेदवारी परेको छ। १९ पदाधिकारीसहित ३ सय १ जना केन्द्रीय सदस्यका लागि ठूलो संख्यामा उम्मेदवारी परेको छ। यो पटक एमालेले ५ प्रतिशत युवालाई केन्द्रीय कमिटी ल्याउने भएको छ। युवाहरूको पनि उत्साहजनक उम्मेदवारी परेको छ। एमालेमा २ हजार २ सय ६३ प्रतिनिधि छन्।




| केपी ओली | | ईश्वर पोखरेल |
|---|---|---|
| केपी ओली | अध्यक्ष | ईश्वर पोखरेल |
| १. रामबहादुर थापा २. विष्णुप्रसाद पौडेल ३. पृथ्वी सुब्बा गुरुङ ४. गुरु बराल | उपाध्यक्ष | १. गोकर्ण विष्ट २. विन्दा पाण्डे ३. परशुराम मेघी गुरुङ ४. अरुण नेपाल |
| शंकर पोखरेल | महासचिव | सुरेन्द्र पाण्डे |
| १. विष्णु रिमाल २. रघुवीर महासेठ ३. लेखराज भट्ट | उपमहासचिव | १. योगेश भट्टराई २. बैजनाथ चौधरी ३. आनन्द पोखरेल |
| १. शेरधन राई २. हिक्कम कार्की ३. भानुभक्त ढकाल, ४. डा. राजन भट्टराई ५. खगराज अधिकारी ६. पदमाकुमारी अर्याल ७. यमलाल कँडेल ८. छविलाल विश्वकर्मा ९. महेश बस्नेत | सचिव | १. विनोद ढकाल २. कर्णबहादुर थापा ३. गोकुल बास्कोटा ४. रचना खड्का ५. कृष्णगोपाल श्रेष्ठ ६. ठाकुर गैरे ७. पुरुषोत्तम पौडेल। |

### महासचिवको प्रतिस्पर्धा रोचक

महाधिवेशनमा महासचिवको प्रतिस्पर्धा रोचक हुने देखिएको छ। महासचिवमा ओली पक्षबाट पोखरेल र पोखरेल पक्षबाट पाण्डेले प्रतिस्पर्धा गर्दै छन्। पोखरेल वर्तमान महासचिव हुन्। जबजका व्याख्यताका रूपमा पनि पोखरेललाई चिनिने गरेको छ। एमालेमा संविधानसभाको विषय पार्टीमा निर्णय गराउने नेता पनि हुन्। अन्तरमुखी स्वभावका भनेर विपक्षीहरूले उनलाई आरोप पनि लगाउने गरेका छन्। पाण्डेलाई एमालेका बौद्धिक नेता हुन्। नवौं महासचिव लडेका थिए। झिनो मतले ईश्वर पोखरेलसँग पराजित भएका थिए। अहिले ईश्वर पोखरेलकै प्यानलबाट महासचिव पुन: लडिरहेका छन्।

### उम्मेदवारीले संस्थापन तितरवितर, ओली पक्षमा भुँइचालो

उम्मेदवारी दर्तासँगै संस्थापन पक्ष तितरवितर भएको छ। आकांक्षी धेरै भएका कारण व्यवस्थापन हुन नसक्दा ओली रुष्ट भएका छन्। आफूले मागेको पद नपाएपछि केही प्रभावशाली नेताले संस्थापन पक्ष छोडेका छन् भने मौन रहेका केही नेता इतर समूहमा खुलेका छन्।

महासचिवको दाबी गरिरहेको अध्यक्ष ओली विश्वासपात्र उपमहासचिव प्रदीप ज्ञवालीले महासचिवको पदको दाबी गरेका थिए तर उनलाई उपाध्यक्षको उम्मेदवार बनाएपछि असन्तोष व्यक्त गरेका छन्।

उनले उपाध्यक्षको उम्मेदवारी नै अस्वीकार गरेका छ्न। उपमहासचिव थिए, उनलाई उपाध्यक्ष उम्मेदवार बनाइयो तर उनले त्यो स्वीकार गरेनन्। महासचिव नै हुनुपर्ने अड्डी कसे। महासचिव नपाएपछि ज्ञवाली महासचिवको उम्मेदवारी नपाएमा ओली निवास गुण्डुबाट रुँदै हिँडेको पनि बताइएको छ। केन्द्रीय सदस्य मात्रै लड्ने बताएर गुण्डुबाट हिँडेका उनले केन्द्री सदस्यमा मात्रै उम्मेदवारी दिएका छ्न।

पदाधिकारीको दाबी गरिरहेका वर्तमान स्थायी समिति सदस्य एवं प्रचार तथा प्रसारण विभागका इन्चार्ज राजेन्द्रप्रसाद गौतमले असन्तुष्टि जनाउँदै उपमहासचिवमा उम्मेदवारी दिएका छन्।

» बाँकी पृष्ठ ६